# नेपाल नागरिकता नियमावली, २०६३

नेपाल राजपत्रमा प्रकाशित मिति
२०६३।८।२९

संशोधन

१. नेपाल नागरिकता (पहिलो संशोधन) नियमावली, २०६३ — २०६३।१०।१५
२. नेपाल नागरिकता (दोस्रो संशोधन) नियमावली, २०७८ — २०७८।०३।२४

नेपाल नागरिकता ऐन, २०६३ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "नेपाल नागरिकता नियमावली, २०६३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "ऐन" भन्नाले नेपाल नागरिकता ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकार गृह मन्त्रालय सम्झनु पर्छ ।

(ग) "स्थानीय तह" भन्नाले ♣.................... गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिका र महानगरपालिकासमेतलाई जनाउँछ ।

३. **वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधिः** (१) वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने सोह्र वर्ष उमेर पूरा भएको नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष देहायका कागजात संलग्न राखी अनुसूची–१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः–

(क) बाबु वा आमा वा आफ्नो वंशतर्फका तीन पुस्ताभित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र,

(ख) जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय तहले गरिदिएको सिफारिस वा जन्मदर्ता प्रमाणपत्र,

---

♣ दोस्रो संशोधनद्वारा झिकिएको ।

(ग) खण्ड (क) बमोजिम तीन पुस्ताभित्रको नातेदारको नागरिकताको प्रमाणपत्र पेश गरेको अवस्थामा उक्त नातेदारसँगको नाता खुल्ने नाता प्रमाणित पत्र,

(२) उपनियम (१) बमोजिमका प्रमाण निवेदनसाथ पेश गर्न नसक्ने नेपाली नागरिकलाई देहायका कागजातका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिन सकिनेछः–

(क) निवेदकका बाबु वा आमा नेपाली नागरिक भएकोले निज वंशजको नाताले नेपालको नागरिक भएको र नेपालमा जन्म भई निरन्तर रूपमा *नेपालभित्र स्थायी रूपमा बसोबास गरी आएको व्यहोरा खुल्ने गरी स्थानीय तहका प्रतिनिधिको रोहबरमा अनुसूची–३ बमोजिमको ढाँचामा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त स्थानीय बासिन्दाहरूले गरिदिएको स्थलगत सर्जमिन,

(ख) सम्बन्धित वडामा बसोबास गर्ने तीन जना नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नेपाली नागरिकले अनुसूची–४ बमोजिमको ढाँचामा सर्जमिनस्थलमै गरिदिएको सनाखत ।

तर नागरिकताको सिफारिस गर्ने वा नागरिकता प्रदान गर्ने अधिकारीलाई सनाखत गर्ने व्यक्तिले शंकास्पद रूपमा सनाखत गरेको लागेमा त्यस्तो अधिकारीले त्यस उपर थप छानबिन गर्न सक्नेछ ।

(३) *नेपालभित्र फेला परेको *पितृत्व र मातृत्वको ठेगान नभएको नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने सोह्र वर्ष उमेर पूरा भएको व्यक्तिले देहायका कागजात संलग्न राखी अनुसूची–१ बमोजिमको ढाँचामा सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनु पर्नेछः–

(क) नेपाल सरकारबाट स्वीकृति प्राप्त बालमन्दिर वा अनाथ बालबालिका संरक्षण गर्ने संघसंस्था वा अनाथालयको संरक्षणमा हुर्के बढेको भए त्यस्तो संस्थाको सिफारिस,

(ख) कुनै व्यक्ति विशेषले प्रचलित कानूनबमोजिम संरक्षकत्व प्राप्त गरी पालनपोषण गरेको भए पालनपोषण गर्ने व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) खण्ड (क) बमोजिमको संस्थामा पालनपोषण गर्ने संस्थाका प्रमुखबाट गरिदिएको सनाखत वा खण्ड (ख) बमोजिम पालनपोषण गर्ने व्यक्तिले गरिदिएको सनाखत,

[≡](३क) ऐनको दफा ३ को उपदफा (४) बमोजिम वंशजको आधारमा नेपालको नागरिकता लिन चाहने सोह्र वर्ष उमेर पूरा भएको व्यक्तिले देहायका कागजात संलग्न राखी अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिनु पर्नेछः-

(क) जन्मदर्ता प्रमाणपत्र,

(ख) बाबु र आमा दुवैको नेपाली नागरिकताको प्रमाणपत्र,

(ग) जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय तहले गरिदिएको सिफारिस ।

[≡](३ख) ऐनको दफा ३ को उपदफा (५) बमोजिम नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको सोह्र वर्ष उमेर पूरा भएको व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता लिन चाहेमा देहायका कागजात संलग्न राखी अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिनु पर्नेछः-

(क) जन्मदर्ता प्रमाणपत्र,

(ख) आमाको नेपाली नागरिकताको प्रमाणपत्र,

(ग) जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय तहले गरिदिएको सिफारिस,

(घ) निजको जन्म नेपालमा भई नेपालमा नै बसोबास गर्दै आएको र निजको बाबुको पहिचान हुन नसकेको व्यहोरा खुल्ने गरी सम्बन्धित स्थानीय तहले गरिदिएको सिफारिस,

(ङ) बाबुको पहिचान हुन नसकेको व्यक्तिले अनुसूची-४क. बमोजिमको ढाँचामा र निजको आमाले अनुसूची-४ख. बमोजिमको ढाँचामा

---

≡ दोस्रो संशोधनद्वारा थप ।



नेपाल कानून आयोग

प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत समक्ष गरेको स्वघोषणा,

तर निवेदन दिँदाका बखत त्यस्तो व्यक्तिको आमाको मृत्यु भईसकेकोमा मृत्यु दर्ताको प्रमाणपत्र र होस ठेगानमा नरहेकोमा स्वीकृत चिकित्सकले गरेको सिफारिस सहित निवेदकले गरेको अनुसूची-४क. बमोजिमको स्वघोषणा संलग्न गर्नु पर्नेछ।

(४) *उपनियम (३), (३क) वा (३ख) बमोजिम प्राप्त निवेदनको सम्बन्धमा थप कुरा बुझ्नु पर्ने भएमा आवश्यकता अनुसार स्थानीय तहको सिफारिस वा प्रहरी प्रतिवेदन माग गर्न सकिनेछ ।

(५) *उपनियम (१), (३), (३क) वा (३ख) बमोजिम प्राप्त निवेदनउपर छानविन गर्दा निवेदक वंशजको नाताले नागरिकताको प्रमाणपत्र पाउन योग्य देखिएमा निजलाई वंशजको नाताले नागरिकताको प्रमाणपत्र जारी गर्न सकिनेछ ।

(६) *पितृत्व र मातृत्वको ठेगान नभएको व्यक्तिको नागरिकताको प्रमाणपत्रको बाबु वा आमाको नाम उल्लेख हुनु पर्ने स्थानमा *पितृत्व र मातृत्वको ठेगान नभएको व्यहोरा जनाई संरक्षकको नाम, थर र ठेगाना उल्लेख गर्नु पर्नेछ ।

*(६क) उपनियम (३ख) बमोजिम परेको निवेदन बमोजिम बाबुको पहिचान नभएको व्यक्तिलाई नागरिकताको प्रमाणपत्र जारी गर्दा कार्यालयको अभिलेखमा बाबु पहिचान नभएको व्यहोरा उल्लेख गरी नेपाली नागरिकताको प्रमाणपत्रमा बाबुको नाम, थर तथा ठेगाना उल्लेख हुनु पर्ने स्थानमा कुनै व्यहोरा उल्लेख नगरी जारी गर्नु पर्नेछ ।

(७) यो नियम प्रारम्भ हुनुभन्दा अघि समयसमयमा खटिएका नागरिकता टोलीले तयार गरेको दर्ता अभिलेख र वितरण गरेको अस्थायी निस्सालाई समेत आधार लिई नागरिकताको प्रमाणपत्र जारी गर्न सकिनेछ ।

(८) उपनियम (२) बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न निवेदन दिने व्यक्तिहरूको सूची सोही दिन सार्वजनिक गर्नु पर्नेछ ।

४. <u>जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधि:</u> (१) ऐनको दफा ४ को उपदफा (१) बमोजिम जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने सोह्र वर्ष उमेर पूरा भएको नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला

---

* दोस्रो संशोधनद्वारा संशोधित ।

अधिकारीसमक्ष देहायका कागजात संलग्न राखी अनुसूची–१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः–

(क) निवेदकको जन्म नेपालभित्र भएको र निजले निरन्तर नेपालमा स्थायी रूपमा बसोबास गर्दै आएको व्यहोरा खुल्ने गरी सम्बन्धित स्थानीय तहले गरिदिएको सिफारिस,

(ख) आफ्नो वा परिवारको नामको जग्गाधनी दर्ता प्रमाणपूर्जा वा मोहीयानी हकको प्रमाणपत्र वा घरधुरी प्रमाण वा निर्वाचन आयोगले तयार गरेको मतदाता नामावलीमा निजको वा निजको बाबु वा आमाको नाम समावेश भएको प्रमाण ।

<u>स्पष्टीकरण</u>: यस खण्डको प्रयोजनको लागि "परिवार" भन्नाले एकाघरका वा छुट्टिई भिन्न बसेका बाबु, आमा, सौतेनी आमा, छोरा, अविवाहिता छोरी र छोराबुहारीसमेतलाई सम्झनु पर्छ ।

(२) उपनियम (१) बमोजिम नागरिकताको प्रमाणपत्र प्राप्त गर्न चाहने व्यक्तिले संविधानसभाको निर्वाचन हुनुअगावै प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमका प्रमाण निवेदनसाथ पेश गर्न नसक्ने व्यक्तिलाई ऐनको दफा ८ को उपदफा (४) बमोजिम देहायका कागजातका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्न सकिनेछः–

(क) निवेदक नेपालमा जन्म भई निरन्तर रूपमा नेपाल सरहदभित्र स्थायी रूपमा बसोबास गरी आएको व्यहोरा खुल्ने गरी स्थानीय तहका प्रतिनिधिको रोहबरमा अनुसूची–५ बमोजिमको ढाँचामा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त स्थानीय बासिन्दाहरूले गरिदिएको स्थलगत सरजमिन,

(ख) सम्बन्धित वडामा बसोबास गर्ने नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त तीन जना नेपाली नागरिकले अनुसूची–६ बमोजिमको ढाँचामा सर्जमिनस्थलमै गरिदिएको सनाखत ।

तर नागरिकताको सिफारिस गर्ने वा नागरिकता प्रदान गर्ने अधिकारीलाई सनाखत गर्ने व्यक्तिले शंकास्पद रूपमा सनाखत

गरेको लागेमा त्यस्तो अधिकारीले त्यस उपर थप छानबिन गर्न सक्नेछ ।

(४) ऐनको दफा ४ को उपदफा (३) बमोजिमको समयावधिभित्र प्राप्त भएका निवेदनहरुका सम्बन्धमा त्यस्ता निवेदन दर्ता भएको मितिले एक महिनाभित्र प्रमुख जिल्ला अधिकारीले निर्णय गरिसक्नु पर्नेछ ।

(५) उपनियम (१) वा (३) बमोजिम प्राप्त निवेदनउपर छानबिन गर्दा निवेदक जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्य देखिएमा निजलाई जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्न सकिनेछ ।

(६) उपनियम (३) बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न निवेदन दिने व्यक्तिहरुको सूची सोही दिन सार्वजनिक गर्नु पर्नेछ ।

५. **<u>वैवाहिक सम्बन्धको आधारले अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधि:</u>** (१) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा देहायका कागजात संलग्न गरी सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष अनुसूची–३ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः–

(क) नेपाली नागरिकसँग भएको वैवाहिक सम्बन्ध खुल्ने गरी सम्बन्धित स्थानीय तहले गरिदिएको सिफारिस,

(ख) निजले विदेशी नागरिकता त्याग्ने कारबाही चलाएको निस्सा ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदनउपर छानबिन गर्दा निवेदक अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्य देखिएमा निजलाई अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्न सकिनेछ ।

६. **<u>निवेदकलाई जानकारी दिनु पर्ने:</u>** नियम ३ वा ४ बमोजिम प्राप्त निवेदनउपर छानबिन गर्दा कुनै निवेदक नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्य नदेखिएमा सात दिनभित्र निर्णय गरी निजलाई सोको जानकारी दिनु पर्नेछ ।

७. **अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने अन्य कार्यविधि:** (१) विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका सन्तानको हकमा देहायका कागजातसहित अनुसूची–७ बमोजिमको ढाँचामा प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनु पर्नेछः–

(क) आमाको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) नेपालमा जन्म भई स्थायी बसोबास गरेको व्यहोरा खुल्ने सम्बन्धित स्थानीय तहको सिफारिस,

(ग) बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता नलिएको निस्सा ।

(२) ऐनको दफा ५ को उपदफा (४) मा उल्लिखित शर्त र अवस्था पूरा गरेको कुनै विदेशी नागरिकले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा आफू बसोबास गरी आएको वासस्थानसँग सम्बन्धित स्थानीय तहको सिफारिससाथ सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष अनुसूची–७ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम निवेदन प्राप्त भएपछि प्रमुख जिल्ला अधिकारीले आवश्यक देखेमा सम्बन्धित नगरपालिकाको प्रमुख वा गाउँपालिकाको अध्यक्षसँग आवश्यक कुराहरू बुझी निवेदकले ऐनको दफा ५ को उपदफा (४) मा उल्लिखित शर्त तथा अवस्था पूरा गरेको देखिएमा आफ्नो रायसहित निवेदन मन्त्रालयसमक्ष पठाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त निवेदनउपर छानबिन गरी मन्त्रालयले अनुसूची–८ बमोजिमको ढाँचामा अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्न सक्नेछ ।

(५) ऐनको दफा ५ को उपदफा (५) बमोजिम अङ्गीकृत नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिको सन्तानमध्ये निजले सो नागरिकता प्राप्त गर्नुभन्दा पहिले जन्मेका सन्तानले अङ्गीकृत नेपाली नागरिकता प्राप्त गर्न चाहेमा अनुसूची–७ बमोजिम सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिन सक्नेछ । निवेदनसाथ नाता प्रमाणित पत्र, बाबु वा आमाको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र निज नेपालमा बसोबास गरिरहेको व्यहोराको स्थानीय तहले गरिदिएको सिफारिस संलग्न गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम प्राप्त निवेदनउपर छानबिन गर्दा निवेदक अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्य देखिएमा निजलाई अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्न सकिनेछ ।

≅(७) ऐनको दफा ३ को उपदफा (५) बमोजिम वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गरेको कुनै व्यक्तिको बाबु विदेशी रहेको ठहरेमा र निजले बाबुको नामबाट विदेशको नागरिकता नलिएको भएमा वंशजको आधारमा प्राप्त गरेको नागरिकतालाई अङ्गीकृत नेपाली नागरिकतामा परिणत गर्न बाबु विदेशी ठहरेको पैंतीस दिनभित्र देहायका कागजात संलग्न गरी अनुसूची-८क, बमोजिमको ढाँचामा सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिनु पर्नेछः

(क) आमाको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) वंशजको नाताले प्राप्त गरेको नागरिकताको प्रमाणपत्रको सक्कल,

(ग) निज नेपालमा बसोबास गर्दै आएको व्यहोरा खुल्ने गरी स्थानीय तहले गरिदिएको सिफारिस,

(घ) बाबु विदेशी रहेको व्यहोरा खुल्ने कागजात,

(ङ) बाबुको नामबाट विदेशको नागरिकता नलिएको भनी अनुसूची-८ख, बमोजिमको ढाँचामा प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत समक्ष गरेको स्वघोषणा ।

≅(८) उपनियम (७) बमोजिम प्राप्त निवेदन उपर छानबिन गरी निवेदकले वंशजको नाताले प्राप्त गरेको नागरिकताको प्रमाणपत्र खिची निजलाई अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गरिनेछ ।

≅(९) उपनियम (८) बमोजिम अङ्गीकृत नेपाली नागरिकता प्रदान गर्दा नागरिकताको प्रमाणपत्र तथा सोको अभिलेखमा पहिले वंशजको आधारमा नेपाली नागरिकता पाएको मिति तथा नागरिकता नम्बर र अङ्गीकृत नेपाली नागरिकतामा परिणत भएको व्यहोरा समेत खुलाउनु पर्नेछ ।

---

≅ दोस्रो संशोधनद्वारा थप ।

८. **नागरिकताको प्रमाणपत्र जारी गर्ने अधिकारी:** (१) वंशजको नाताले, जन्मको आधारमा र वैवाहिक अङ्गीकृत र अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको व्यक्तिले त्यस्तो नागरिकताको प्रमाणपत्र प्राप्त गर्नुअघि जन्मिएका निजका सन्तानलाई अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

[✱](२) उपनियम (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले आफूलाई प्राप्त भएको अधिकार आफ्नो मातहतको अधिकृत कर्मचारी वा समय समयमा नेपाल सरकारले नागरिकता वितरण गर्न खटाएको टोली प्रमुखलाई प्रत्यायोजन गर्न सक्नेछ ।

[३](३) ..............

(४) उपनियम (१) मा उल्लेख भएदेखि बाहेक अन्य प्रकारको अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्ने अधिकार मन्त्रालयलाई हुनेछ ।

(५) ऐनको दफा ६ बमोजिम प्रदान गरिने सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्ने अधिकार नेपाल सरकार, मन्त्रिपरिषद्लाई हुनेछ ।

(६) उपनियम (५) बमोजिम नागरिकता प्रदान गर्ने निर्णय भएपछि मन्त्रालयले सम्मानार्थ नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्नेछ ।

(७) यस नियमावली बमोजिम नागरिकताको प्रमाणपत्र जारी गर्ने अधिकारीले वंशजको नाताले वा जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्दा अनुसूची-२ बमोजिम र अङ्गीकृत नेपाली नागरिकता जारी गर्दा अनुसूची-८ बमोजिमको ढाँचामा जारी गर्नु पर्नेछ ।

९. **नेपाली नागरिकता त्याग गर्ने कार्यविधि:** (१) कुनै नेपाली नागरिकले नेपालको नागरिकता त्याग्न चाहेमा निज नेपालभित्र बसेको भए सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष र विदेशमा बसेको भए सम्बन्धित नेपाली राजदूत वा नेपाली नियोग प्रमुख वा महावाणिज्यदूत वा वाणिज्यदूतसमक्ष आफूले प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्रको सक्कलप्रति संलग्न गरी अनुसूची-९ बमोजिमको ढाँचामा सूचना दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम विदेशमा सूचना दिएको भए सात दिनभित्र पूरा विवरण खोली नेपाली राजदूत वा नेपाली नियोग प्रमुख वा महावाणिज्यदूत वा वाणिज्यदूतले परराष्ट्र मन्त्रालयमार्फत मन्त्रालयमा लेखी पठाउनु पर्नेछ ।

---

✱ पहिलो संशोधनद्वारा संशोधित ।

३ पहिलो संशोधनद्वारा झिकिएको ।

(३) उपनियम (२) बमोजिम प्राप्त भएको सूचना मन्त्रालयले सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष पठाउनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम सूचना प्राप्त भएपछि प्रमुख जिल्ला अधिकारीले त्यस्तो सूचना अनुसूची–१० बमोजिमको ढाँचाको दर्ता किताबमा दर्ता गर्नु पर्नेछ र त्यसरी दर्ता भएको मितिदेखि त्यस्तो व्यक्तिको नेपाली नागरिकता समाप्त हुनेछ ।

१०. <u>निर्णय गर्ने अधिकारीः</u> ऐनको दफा १० को उपदफा (५) बमोजिम नेपालको नागरिकले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको छ, छैन भन्ने प्रश्न उठेमा सो को निर्णय मन्त्रालयले गर्नेछ ।

११. <u>पुनः नेपाली नागरिकता कायम गर्ने कार्यविधिः</u> (१) ऐनको दफा ११ बमोजिम नेपालको नागरिकता त्यागी विदेश गएको कुनै व्यक्तिले पुनः नेपाली नागरिकता प्राप्त गर्न चाहेमा विदेशको नागरिकता त्यागेको निस्सासहित निजलाई पहिले नागरिकताको प्रमाणपत्र प्रदान गर्ने मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयसमक्ष अनुसूची–११ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचनाको निवेदन प्राप्त भएपछि अनुसूची–१२ बमोजिमको ढाँचामा सूचना दर्ताको जानकारी दिई नियम ८ बमोजिमको अधिकारीले साबिकके नागरिकताको बिवरणसहितको नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्नेछ ।

१२. <u>नागरिकता प्रमाणपत्र रद्द गर्ने कार्यविधिः</u> ऐनको दफा १२ बमोजिम कसैले झुट्टो विवरण दिई नेपाली नागरिकताको प्रमाणपत्र लिएको प्रमाणित हुन आएमा देहायबमोजिमका निकायले त्यस्तो नेपाली नागरिकताको प्रमाणपत्र रद्द गर्नु पर्नेछः–

(क) मन्त्रालयबाट जारी भएको भए सो मन्त्रालयले,

(ख) जिल्ला प्रशासन कार्यालय वा अन्य निकायबाट जारी भएको भए सम्बन्धित प्रमुख जिल्ला अधिकारीले,

(ग) खण्ड (ख) बमोजिम प्रमुख जिल्ला अधिकारीले रद्द गरेको नेपाली नागरिकता प्रमाणपत्रको विवरण सहितको जानकारी ✻.......... मन्त्रालयमा पठाउनु पर्नेछ ।

१३. <u>नागरिकताको प्रमाणपत्रको अभिलेख राख्ने:</u> ऐनको दफा १५ बमोजिम नागरिकताको प्रमाणपत्रको अभिलेख देहाय बमोजिम राखिनेछ:–

(क) नागरिकता सम्बन्धी विवरणलाई व्यवस्थित रुपमा अभिलेखीकरण गरी राख्नु पर्नेछ र यो विवरण विद्युतीय माध्यममा समेत राख्न सकिनेछ ।

(ख) जिल्ला प्रशासन कार्यालयहरुले नागरिकता प्रमाणपत्र वितरणको मासिक विवरण ✻.......... मन्त्रालयमा पठाउनु पर्नेछ ।

१४. <u>विवरण सच्याउने कार्यविधि:</u> (१) ऐनको दफा १७ को उपदफा (१) र (३) बमोजिम नेपाली नागरिकताको प्रमाणपत्रको विवरणमा उल्लिखित कुनै कुरा सच्याउन चाहने व्यक्तिले मन्त्रालय वा प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम विवरण सच्याउन वा संशोधन गर्न निवेदन दिएमा मन्त्रालय वा प्रमुख जिल्ला अधिकारीले ऐनको दफा १७ को उपदफा (२) बमोजिम आवश्यक कुरा बुझी पहिले लिएको नागरिकताको प्रमाणपत्र खिची संशोधनसहित अर्को नागरिकताको प्रमाणपत्र दिन सक्नेछ ।

१५. <u>नागरिकता टोली खटाउन सक्ने:</u> (१) ऐनको दफा २२ को उपदफा (१) बमोजिम नेपाल सरकारले नागरिकताको प्रमाणपत्र वितरण गर्न टोली खटाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम टोली खटाउँदा कम्तीमा राजपत्राङ्कित तृतीय श्रेणीको कर्मचारी प्रमुख हुने गरी सो टोलीमा निजामती सेवाके अन्य कर्मचारीहरुलाई खटाउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम खटाइएको टोलीले ऐनको दफा २२ को उपदफा (२) बमोजिम नेपाल सरकारले दिएको निर्देशनको अधीनमा रही नेपाली नागरिकताको प्रमाणपत्र वितरण गर्नेछ ।

---

✻ चौथो संशोधनद्वारा झिकिएको ।

(४) उपनियम (१) बमोजिम खटाइएको टोलीले नेपाली नागरिकताको प्रमाणपत्र नदिने गरी गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले तीस दिनभित्र सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिन सक्नेछ । यस सम्बन्धमा प्रमुख जिल्ला अधिकारीले दिएको निर्णय अन्तिम हुनेछ ।

(५) नागरिकता प्रमाणपत्र वितरण टोलीले नागरिकता प्रमाणपत्र नलिएका नाबालक र टोली खटिएको समयमा छुट भएका उमेर पुगेका नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरूको विवरण लिई अभिलेख राख्नु पर्नेछ ।

१६. <u>कर्मचारीको परिवारले नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधिः</u> (१) कुनै कर्मचारीका परिवारले त्यस्तो कर्मचारी कार्यरत रहेको जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहेमा देहायका कागजात संलग्न गरी प्रमुख जिल्ला अधिकारीसमक्ष अनुसूची–१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः–

(क) बाबु वा आमाको नेपाली नागरिकताको प्रमाणपत्र,

(ख) कर्मचारी बहाल रहेको कार्यालयको सिफारिस,

(ग) विवाहित महिलाको हकमा पतिको नागरिकता र विवाह दर्ता प्रमाण।

(२) उपनियम (१) बमोजिम प्राप्त कागजातका आधारमा नागरिकताको प्रमाणपत्र प्रदान गरी त्यसरी प्रदान गरिएको नागरिकता प्रमाणपत्रको अभिलेख उक्त नागरिकता जारी गर्ने कार्यालयमा राखी सम्बन्धित कर्मचारीको स्थायी ठेगाना भएको जिल्ला प्रशासन कार्यालयलाई समेत जानकारी दिनु पर्नेछ ।

<u>स्पष्टीकरणः</u> यस नियमको प्रयोजनको लागि –

(१) "कर्मचारी" भन्नाले नेपाल सरकारको कोषबाट तलब भत्ता खाने कर्मचारी वा संस्थानका कर्मचारी वा शिक्षक वा प्राध्यापक सम्झनु पर्छ ।

(२) "परिवार" भन्नाले खण्ड (१) मा उल्लिखित कर्मचारीसँग बस्ने तथा निज आफैले पालनपोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा, वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष र अविवाहिता महिला कर्मचारीको हकमा निजको बाजे, बज्यै

तथा विवाहिता महिला कर्मचारीको हकमा निजको सासु, ससुरासमेतलाई जनाउँछ।

१७. **<u>निर्देशिका र कार्यविधिसम्बन्धी व्यवस्था:</u>** मन्त्रालयले ऐन र यस नियमको परिधिभित्र रही आवश्यक निर्देशिका जारी गर्न र आवश्यकता अनुसार कार्यविधि बनाइ लागू गर्न सक्नेछ।

१८. **<u>अनुसूचीमा हेरफेर गर्न सक्ने:</u>** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

१९. **<u>खारेजी र बचाउ:</u>** (१) नेपाल नागरिकता नियमावली, २०४९ खारेज गरिएको छ ।

(२) नेपाल नागरिकता नियमावली, २०४९ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

नेपाल कानून आयोग

---

<u>द्रष्टव्य:-</u>

नेपाल नागरिकता (दोस्रो संशोधन) नियमावली, २०७८ द्वारा ठाउँ ठाउँमा रहेका देहायका शब्दहरूको सट्टा देहायका शब्दहरू राखी रुपान्तर गरिएको छ:-

(क) "गाउँ विकास समिति" भन्ने शब्दहरूको सट्टा "गाउँपालिका" भन्ने शब्द,

(ख) "स्थानीय निकाय" भन्ने शब्दहरूको सट्टा "स्थानीय तह" भन्ने शब्दहरू,

(ग) "गा.वि.स." भन्ने शब्दको सट्टा "गा.पा." भन्ने शब्द ।

# [1]अनुसूची–१

(नियम ३ को *उपनियम (१), (३), (३क) र (३ख), नियम ४ को उपनियम (१) र नियम १६ को उपनियम (१) सँग सम्बन्धित)

निवेदकको दुवै कान देखिने पासपोर्ट साइजको फोटो

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय,
........................................ ।

विषयः– नेपाली नागरिकताको प्रमाणपत्र पाउँ ।

महोदय,

म वंशजको नाताले / जन्मका आधारले नेपाली नागरिक भएकोले देहायको विवरण खोली नेपाली नागरिकताको प्रमाणपत्र पाउनको लागि सिफारिस साथ रु.५।– को टिकट टाँसी यो निवेदन पत्र पेश गरेको छु । मैले यसअघि नेपाली नागरिकताको प्रमाणपत्र लिएको छैन ।

| | |
|---|---|
| १. नाम, थरः–..................................<br>Full Name (in Block) ..................<br>२. लिङ्ग–__________<br>Sex.....................<br>३. जन्मस्थान...........<br>Place of Birth(Block)<br>४. स्थायी बासस्थानः जिल्ला..................<br>*गा.पा./ उ.प.न.पा.......... वडा नं.....<br>Permanent Address: District...........<br>VDC/Municipality/Sub/Metropolis.........Ward No...........<br>५. जन्म मितिः– ____साल........महिना........ गते<br>(शैक्षिक प्रमाणपत्र हुनेले सोही मिति उल्लेख गर्ने)<br>Date of Birth (AD) .......year.........Month....... Day | ६.बाबुको नाम थरः.............................<br>ठेगाना.............<br>नागरिकताः ..............................<br>७. आमाको नाम,थरः .......................<br>ठेगानाः ..............<br>नागरिकताः ..........................<br>८. पति/पत्नीको नाम थरः ..........................<br>ठेगानाः ..............<br>नागरिकताः ..........................<br>९. संरक्षकको नाम, थर र ठेगाना:– _____ |

मैले माथि लेखिदिएको व्यहोरा ठीक साँचो हो । झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

भवदीय,
निवेदकको दस्तखतः–
मितिः–..........................

[1] मिति २०६६।४।१९ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम हेरफेर भएको ।

* दोस्रो संशोधनद्वारा संशोधित ।

## गाउँपालिका / उप / महा / नगरपालिकाको सिफारिस

................... गाउँपालिका / नगरपालिका / उपमहानगरपालिका / महानगरपालिका वडा नं. ............मा मिति...............................मा जन्म भई हाल गाउँपालिका / नगरपालिका / उपमहानगरपालिका / महानगरपालिका वडा नं.....................मा स्थायी रूपमा बसोबास गरी आएका यसमा लेखिएका श्रीमान/श्रीमती..................................को छोरा/छोरी/पत्नी वर्ष..........को श्री / सुश्री / श्रीमती.............................................लाई म राम्ररी चिन्दछु । उपर्युक्त लेखिए बमोजिमको निजको व्यहोरा मैले जानेबुझेसम्म साँचो हो । निजलाई वंशज / जन्मका आधारले नागरिकताको प्रमाणपत्र दिए हुन्छ । उक्त विवरण झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

मिति:–

सिफारिस गर्नेको:–

कार्यालयको नाम र छाप:– .........

..........................................

दस्तखत:– ................................

नाम, थर:– ...............................

पद:– ........................................

## ............................. गाउँपालिका / उप / महा / नगरपालिकाबाट सर्जमिन र सनाखतका लागि प्रेषित

........................ गाउँपालिका / नगरपालिका / उपमहानगरपालिका / महानगरपालिका वडा नं.........बस्ने.....................................................को छोरा / छोरी / पत्नी वर्ष.........को श्री / सुश्री / श्रीमती.....................................................ले ऐन र नियमले तोकेको प्रमाण पेश गर्न नसकेकोले निजलाई स्थलगत सर्जमीन र सनाखतको प्रक्रिया अवलम्बन गरी वंशजको नाता / जन्मको आधारमा नागरिकता सम्बन्धी निर्णय हुन प्रेषित गरिएको छ ।

मिति:–

कार्यालयको छाप:– .........................

दस्तखत:– ................................

...................................................

नाम, थर:–.................................

पद:–.........................................

कार्यालयले भर्नेः

<table>
<tr>
<td>निवेदक/ निवेदिका.................................मेरो आफ्नो..........................................नाताका हुन् । निजलाई वंशजको नाताले / जन्मको आधारले नेपाली नागरिकताको प्रमाणपत्र दिएमा पछिसम्म फरक पर्ने छैन । फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला भनी कार्यालयमा उपस्थित भई सनाखत सहिछाप गर्नेको<br>नामः ..................................................<br>ना.प्र.प.नं..................................................<br>सहिछापः ..............................................<br>मितिः ..................................................</td>
<td>माथिको विवरण बमोजिम मेरो रोहवरमा सनाखत सही छाप भएको ठीक साँचो हो । माथिको विवरण ठीक दुरुस्त छ, फरक छैन । फरक परेमा कानून बमोजिम सहन बुझाउन मञ्जुर छु भनी सहीछाप गर्ने निवेदकको<br>नामः ..............................................<br>सहिछापः ..........................................<br>मितिः ................................................</td>
</tr>
</table>

**<u>सर्जमिनमा बस्नेको नाम, थर, ठेगाना</u>**

१.
२.
३.
४.
५.

**<u>सनाखत गर्ने व्यक्तिको नाम, थर, ठेगाना</u>**

१.
२.
३.

<u>निर्णय</u>

यो अनुसूचीमा भएको सिफारिस, निवेदकको .............................. को सनाखत सहिछाप र संलग्न निम्न प्रमाणहरुको आधारमा निवेदकलाई वंशजको नाताले / जन्मको आधारले नेपाली नागरिकताको प्रमाणपत्र दिन उपयुक्त हुने देखि निर्णयार्थ पेश गरेको छु ।

<u>संलग्न प्रमाणहरू</u>

१.
२.
३.

वितरित ना.प्र.प.नं. सनाखत गराउने पेश गर्ने सदर गर्ने

मितिः–

नेपाल कानून आयोग

## *अनुसूची–२
### (नियम ८ को उपनियम (७) सँग सम्बन्धित)

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय,...........
नेपाली नागरिकताको प्रमाणपत्र

ना.प्र.नं.

[दुवै कान देखिने हालसालै खिचेको २.५x३ से.मी. साइजको फोटो]

नाम,थर: लिङ्ग:

जन्मस्थान:

स्थायी बासस्थान: जिल्ला

गा.पा./उ.म.न.पा. वडा नं:

जन्म मिति: साल महिना गते

बाबुको नाम, थर:

ठेगाना: नागरिकता:

आमाको नाम थर:

ठेगाना: नागरिकता:

पति/पत्नीको नाम थर:

ठेगाना: नागरिकता:

नेपाल कानून आयोग

* मिति [illegible] को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम हेरफेर भएको।

Government of Nepal has issued the Citizenship Certificate with following details:

Citizenship Certificate No.

Full Name (in block): Sex:

Date of Birth (AD): Year Month Day

Place of Birth (in block):

Permanent Address (in block): District

VDC/Municipality/Sub/Metropolis: Ward No:

नेपाल नागरिकता ऐन, २०६३ बमोजिम यो नागरिकताको प्रमाणपत्र दिइएको छ ।

प्रमाणपत्र पाउनेको दस्तखत: नागरिकताको किसिम:

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

प्रमाणपत्र दिने अधिकारीको

दस्तखत:

नाम, थर:

दर्जा:

मिति:

यो प्रमाणपत्र कसैले फेला पार्नु भएमा नजिकको जिल्ला प्रशासन कार्यालय वा प्रहरी कार्यालयमा बुझाइदिनुहोला ।

नेपाल कानून आयोग

## अनुसूची-३

(नियम ३ को उपनियम (२) को खण्ड (क) सँग सम्बन्धित)

**स्थलगत सर्जमिन मुचुल्काको ढाँचा**

**(वंशजको नाताले)**

लिखितम तपसिल बमोजिमका हामीहरु आगे जिल्ला प्रशासन कार्यालय,..........................समक्ष /बाट नागरिकता वितरण कार्यको लागि खटिई आएको टोली नम्बर......................................समक्ष यस जिल्लाको............................. *गा.प./न.पा./उ.म.न.पा./म.न.पा. को वडा नं.........................मा बसोबास गर्ने श्रीमान/श्रीमती...............................................................को छोरा/छोरी/श्रीमती ....................................................ले नेपाली नागरिकताको प्रमाणपत्र पाउनका लागि निवेदन दिनु भएको सम्बन्धमा हामीहरुलाई सोधनी हुँदा हाम्रो चित्त बुझ्यो । निज निवेदक श्री/श्रीमती............................................का छोरा/छोरी/पत्नी हुन् । निज निवेदक वंशजको नाताले नेपाली नागरिक हुन् । निजलाई वंशजको नाताले नेपाली नागरिकता प्रमाणपत्र दिएमा फरक पर्ने छैन् । व्यहोरा फरक परेमा प्रचलित कानून बमोजिम हुने सजाय सहुँला बुझाउँला भनी हामी तपसिलका व्यक्तिहरुले सहिछाप गरी यो सर्जमिन मुचुल्का जिल्ला प्रशासन कार्यालय,........................../ नागरिकता वितरण टोली नम्बर.............मार्फत नेपाल सरकारमा चढायौं ।

| सि.नं. | नामथर | वतन | ना.प्र.नं. / जारी मिति | लेखात्मक र रेखात्मक सहिछाप |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

* तेस्रो संशोधनद्वारा संशोधित

<u>रोहबरमा बस्ने व्यक्ति</u>

<u>काम तामेल गर्ने व्यक्तिको</u>

नाम, थर:–

दर्जा:–

दस्तखत:–

मिति:–

गाउँपालिका/ नगरपालिका/ उपमहानगरपालिका/ महानगरपालिकाका अध्यक्ष/ प्रमुख वा प्रतिनिधि:

१)

२)

३)

नेपाल कानून आयोग

अनुसूची-४

(नियम ३ को उपनियम (२) को खण्ड (ख) सँग सम्बन्धित)

**सनाखतको ढाँचा**

**(वंशजको नाताले)**

कार्यालय प्रयोजनको लागि

........................जिल्ला..................................गा.पा./न.पा./उ.म.न.पा./म.न.पा., वडा नं..........मा स्थायी बसोबास भएका श्रीमान/श्रीमती........................................का छोरा/छोरी/श्रीमती................................. वास्तविक नेपाली नागरिक हुन् । निज निवेदक वंशजका सन्तति हुन् । निजलाई वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र दिएमा फरक पर्ने छैन । उक्त विवरण फरक परेमा प्रचलित कानून बमोजिम हुने सजाय सहुँला, बुझाउँला भनी आफ्नो राजिखुशीले जिल्ला प्रशासन कार्यालय,........................./नागरिकता वितरण टोली नं. .................. समक्ष सर्जमिनस्थलमा उपस्थित भै हामी तपसिलका नेपाली नागरिकहरुले सही सनाखत गरिदियौं ।

| सि.नं. | नामथर | वतन | ना.प्र.नं./ जारी मिति | लेखात्मक र रेखात्मक सहिछाप |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

**सनाखत गराउने कर्मचारीको**

नामः–

पदः–

दस्तखतः–

मितिः–

**प्रमाणित गर्ने**

नामः–

पदः–

दस्तखतः–

मितिः–

# ≡ अनुसूची-४क.

(नियम ३ को उपनियम (३ख) को खण्ड (ङ) सँग सम्बन्धित)

## <u>स्वघोषणा</u>

<u>(बाबु पहिचान नभएको व्यक्तिले गर्ने)</u>

............... प्रदेश ............. जिल्ला............. गा.पा./न.पा. ........... वडा नं. ...... मा बस्ने ............ (आमाको नाम) को छोरा/छोरी म................. को बाबु हालसम्म पहिचान हुन नसकेको व्यहोरा स्वघोषणा गर्दछु ।

मैले बाबुको पहिचान हुन नसकेको भनी गरेको स्वघोषणा साँचो हो । झुठ्ठा ठहरेमा कानून बमोजिम सहुँला/बुझाउँला ।

<u>स्वघोषणा गर्ने व्यक्तिको आमाको</u>,-

नाम, थर:

नागरिकता नम्बर:............... जारी जिल्ला ............ जारी मिति .............

<u>स्वघोषणा गर्ने व्यक्तिको</u>-,

नाम, थर:

जन्ममिति:

सहिछाप:

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

<u>स्वघोषणा गराउने अधिकृतको</u>,-

नाम थर:

पद:

सहिछाप:

मिति:

मिति:

---

≡ दोस्रो संशोधनद्वारा थप ।

## ≡ अनुसूची-४ख.

(नियम ३ को उपनियम (३ख) को खण्ड (ङ) सँग सम्बन्धित)

### स्वघोषणा

(बाबु पहिचान नभएको भनी आमाले गर्ने)

.............. प्रदेश ............ जिल्ला............ गा.पा./न.पा. .......... वडा नं. ...... मा बस्ने ............ म ...................................... को छोरा/छोरी ................ को बाबु हालसम्म पहिचान हुन नसकेको व्यहोरा स्वघोषणा गर्दछु ।

मैले मेरो छोरा/छोरीको बाबुको पहिचान हुन नसकेको भनी गरेको स्वघोषणा साँचो हो । झुट्टा ठहरेमा कानून बमोजिम सहुँला/बुझाउँला ।

स्वघोषणा गर्ने व्यक्तिको छोरा/छोरीको,-

नाम, थर:-

जन्म मिति:

स्वघोषणा गर्ने व्यक्तिको,-

नाम, थर:

नागरिकता नम्बर............... जारी जिल्ला ........... जारी मिति .............

सहिछाप:

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

मिति:

स्वघोषणा गराउने अधिकृतको,-

नाम, थर:

पद:

सहिछाप:

मिति:

---

≡ दोस्रो संशोधनद्वारा थप ।

## अनुसूची–५

(नियम ४को उपनियम (३) को खण्ड (क) सँग सम्बन्धित)

**स्थलगत सर्जमिन मुचुल्काको ढाँचा**

**(जन्मको आधारमा)**

लिखितम तपसिल बमोजिमका हामीहरु आगे जिल्ला प्रशासन कार्यालय,................ समक्षबाट नागरिकता वितरण कार्यको लागि खटिई आएको टोली नम्बर................समक्ष यस जिल्लाको........................... गा.पा./ न.पा./ उ.म.न.पा./ म.न.पा. को वडा नं..........मा बसोबास गर्ने श्रीमान्/ श्रीमती......................को छोरा/ छोरी/ श्रीमती ..................................ले नेपाली नागरिकताको प्रमाणपत्र पाउनका लागि निवेदन दिनु भएको सम्बन्धमा हामीहरुलाई सोधनी हुँदा हाम्रो चित्त बुझ्यो । निज निवेदक श्री/श्रीमती.......................................................का छोरा/छोरी/पत्नी हुन् । निज निवेदकको जन्म विक्रम सम्वत् २०४६ साल चैत्र मसान्तभित्र नेपाल सरहदभित्र भएको ठीक साँचो हो । निज निवेदक जन्मदेखि हालसम्म उल्लिखित स्थानमा स्थायी बसोबास रही आएको सत्य साँचो हो । निज निवेदक वास्तविक रूपमा जन्मका आधारले नेपाली नागरिकता प्रमाणपत्र पाउने व्यक्ति हुन् । निज निवेदकलाई जन्मका आधारले नेपाली नागरिकता प्रमाणपत्र दिएमा पछि सम्म फरक पर्ने छैन । व्यहोरा फरक परेमा प्रचलित कानून बमोजिम हुने सजाय सहुँला बुझाउँला भनी हामी तपसिलका व्यक्तिहरुले सहिछाप गरी यो सर्जमिन मुचुल्का जिल्ला प्रशासन कार्यालय,......................../नागरिकता वितरण टोली नम्बर........................मार्फत नेपाल सरकारमा चढायौं ।

| सि.नं. | नामथर | वतन | ना.प्र.नं./ जारी मिति | लेखात्मक र रेखात्मक सहिछाप |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |

**रोहबरमा बस्ने व्यक्ति**

**काम तामेल गर्ने व्यक्तिको**

नाम, थर:–

दर्जा:–

दस्तखत:–

मिति:–

गाउँपालिका /नगरपालिका/ उपमहानगरपालिका /महानगरपालिकाका अध्यक्ष / प्रमुख वा प्रतिनिधि:

## अनुसूची- ६

(नियम ४ को उपनियम (३) को खण्ड (ख) सँग सम्बन्धित)

**सनाखतको ढाँचा**

**(जन्मको आधारमा)**

कार्यालय प्रयोजनको लागि

.......................जिल्ला.............................. गा.पा./न.पा./उ.म.न.पा./म.न.पा., वडा नं. .......... मा स्थायी बसोबास भएका श्रीमान/श्रीमती..........................................का छोरा/छोरी/श्रीमती .......................................................वास्तविक नेपाली नागरिक हुन् । निज निवेदकको जन्म बिक्रम सम्वत् २०४६ साल चैत्र मसान्तभित्र नेपाल सरहदभित्र भएको ठिक साँचो हो । निज निवेदक जन्मदेखि हाल सम्म उल्लिखित स्थानमा स्थायी बसोबास गरी आएको व्यहोरा सत्य साँचो हो । निजलाई जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिएमा पछि सम्म फरक पर्ने छैन । उक्त विवरण फरक परेमा प्रचलित कानून बमोजिम हुने सजाय सहुँला, बुझाउँला भनी आफ्नो राजिखुशीले जिल्ला प्रशासन कार्यालय,.....................नागरिकता वितरण टोली नं. .................... समक्ष सर्जमिनस्थलमा उपस्थित भै हामी तपसिलका नेपाली नागरिकहरुले सहि सनाखत गरिदियौं ।

| सि.नं. | नामथर | वतन | ना.प्र.नं./ जारी मिति | लेखात्मक र रेखात्मक सहिछाप |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

सनाखत गराउने

नामः–

पदः–

दस्तखतः–

मितिः–

कर्मचारीको प्रमाणित गर्ने

नामः–

पदः–

दस्तखतः–

मितिः–

[1]अनुसूची-७

**(नियम ५ को उपनियम (१) र नियम ७ को उपनियम (१),(२) र (५) सँग सम्बन्धित)**

| दुवै कान देखिने पासपोर्ट साइजको फोटो |
|---|

श्री प्रमुख जिल्ला अधिकारी,

जिल्ला प्रशासन कार्यालय

............................. ।

<u>विषयः– नेपालको नागरिकताको प्रमाणपत्र पाउँ ।</u>

महोदय,

मैले नेपाल नागरिकता ऐन, २०६३ को दफा ५ बमोजिमको शर्त तथा अवस्था पूरा गरिसकेकोले/नेपाली नागरिकको छोरा, छोरी/नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएको विदेशी महिलाको हैसियतले नेपालको अङ्गीकृत नागरिकताको प्रमाणपत्र पाउनको लागि देहायको विवरण खोली सिफारिस साथ रु.५।–को टिकट टाँसी यो निवेदनपत्र पेश गरेको छु ।

१. <u>**मेरो विवरणः–**</u>

(क) पूरा नाम, थरः–

Full Name (in Block)

(ख) लिङ्गः

Sex:-

(ग) जन्मस्थानः–

Place of Birth (in Block):-

(घ) जन्म मितिः–................साल ............. महिना .......... गते

Date of Birth (AD):- ..................year.............Month..........Day

(ङ) बाबुकोः– (क) नाम, थरः–

(ख) ठेगानाः–

(ग) नागरिकताः–

(च) आमाकोः– (क) नाम, थरः

(ख) ठेगानाः

(ग) नागरिकताः

(छ) पूरा गरेको उमेरः–

(ज) धर्मः

(झ) पतिपत्नीकोः

(क) नाम, थरः

---

[1] मिति २०६६।५।१९ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम हेरफेर भएको ।



नेपाल कानून आयोग

(ख) ठेगाना:

(ग) नागरिकता:

२. **नेपालमा बसोबास गरेको वर्ष:–**

(क) नेपाली नागरिकको छोरा वा छोरीको हकमा –

१) पिताको राष्ट्रियता

२) पिताको मुलुकबाट नागरिकता प्रमाणपत्र लिए नलिएको निस्सा

(ख) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएको विदेशी महिलाको हकमा –

(श्री ........................................... सँग विवाह भएको मिति)

(ग) अरु विदेशीको हकमा (कम्तीमा पन्ध्र वर्ष)–

३. **नेपालमा बसोबास गरेको ठाउँ र मिति:–**

(क) जिल्ला ........................... गा.पा./उ.म.न.पा. ................................

वडा नं. ........................ टोल/गाउँ ....................................

District...............................VDC/Municipality/Sub/Metropolis

Ward............................Tole...........................................

(ख) खण्ड (क) मा लेखिएको स्थानमा आई अटुट रूपमा बसेको मिति:–

=४. **हाल साथमा रहेको परिवारको विवरण र संख्या:–**

| (क) पति वा पत्नी | (ख) छोरा | (ग) छोरी |
|---|---|---|
| १. | १. | १. |
| | २. | २. |
| | ३. | ३. |

५. मैले नेपाली वा नेपालमा प्रचलित .................... भाषा बोल्न र लेख्न जानेको छु ।

६. मेरो जीविका निर्वाह गर्ने:

(क) साधन:–

(ख) योग्यता:–

(ग) हालको व्यवसाय:–

७. विदेशी मुलुकको नागरिकता नलिएको वा त्यागेको वा त्याग्न कारबाही चलाएको विवरण:–

(क) म पहिले नागरिक रहेको विदेशी मुलुकको नाम:–

= मिति २०६९।३।४ को नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार हेरफेर गरिएको ।

(ख) खण्ड (क) मा लेखिएको मुलुकको नागरिकता नलिएको वा सो मुलुकको कानून बमोजिम मिति ............................मा त्यागिसकेको वा त्याग्न कारबाही चलाएको।

(ग) खण्ड (क) मा लेखिएको मुलुकको नागरिकता हालसम्म नलिएको वा त्यागिसकेको वा त्याग्न कारबाही चलाएको रीतपूर्वकको निस्सा नेपाल सरकारलाई मिति .................. मा दिएको । त्यसरी दिएको निस्साको प्रतिलिपि यसैसाथ संलग्न छ।

८. मैले नैतिक पतन देखिने कुनै फौज्दारी मुद्दामा सजाय पाएको छैन । मैले माथि लेखी दिएको व्यहोरा ठीक साँचो हो । झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

मिति:– ......................

भवदीय,
निवेदकको दस्तखत:–
औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

नेपाल कानून आयोग

## गाउँपालिका /उप/महा/नगरपालिकाको सिफारिस

......................देशमा जन्म भई.................................................... गाउँपालिका/ नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका.................................वडा नं....... मा स्थायी बसोबास गर्दै आएको यसमा लेखिएका श्री ...................................................को छोरा/छोरी/पत्नी वर्ष ............. को श्री/सुश्री/श्रीमती ................................................लाई म राम्ररी चिन्दछु । उपर्युक्त लेखिए बमोजिमको निजको व्यहोरा मैले जाने बुझेसम्म साँचो हो । झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

मिति:–

कार्यालयको नाम र छाप:– ...................

सिफारिस गर्नेको:–

दस्तखत:–................................

नाम, थर:–.......................

पद:– .............................

नेपाल कानून आयोग

## [४]अनुसूची–८

(नियम ७ को उपनियम (४) र नियम ८ को उपनियम (७) सँग सम्बन्धित)

खण्ड (क)

नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,.............

<u>अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र</u>

ना.प्र.नं.

दुवै कान देखिने हालसालै खिचेको २.५×३ से.मी. साइजको फोटो

नाम,थर: लिङ्ग:

जन्मस्थान:

स्थायी बासस्थान: जिल्ला

गा.पा./उ.म.न.पा. वडा नं:

जन्म मिति: साल महिना गते

बाबुको नाम, थर:

ठेगाना: नागरिकता:

आमाको नाम थर:

ठेगाना: नागरिकता:

पति/पत्नीको नाम थर:

ठेगाना: नागरिकता:

[४] मिति २०६६।५।१९ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम हेरफेर भएको ।

Government of Nepal has issued the Citizenship Certificate with following details:

Citizenship Certificate No.

Full Name (in block): Sex:

Date of Birth (AD): Year Month Day

Place of Birth (in block):

Permanent Address (in block): District

VDC/Municipality/Sub/Metropolis: Ward No:

नेपाल नागरिकता ऐन, २०६३ बमोजिम अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र दिइएको छ ।

प्रमाणपत्र पाउनेको दस्तखत: निर्णय मिति:

औँठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

प्रमाणपत्र दिने अधिकारीको

दस्तखत:

नाम, थर:

दर्जा:

मिति:

यो प्रमाणपत्र कसैले फेला पार्नु भएमा नजिकको जिल्ला प्रशासन कार्यालय वा प्रहरी कार्यालयमा बुझाइदिनुहोला ।

नेपाल कानून आयोग

**खण्ड (ख)**

नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,............

वैवाहिक अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र

ना.प्र.नं.

दुवै कान देखिने हुलाकटिकटको २.५×३ से.मी. साइजको फोटो

नाम,थर: लिङ्ग:

जन्मस्थान:

स्थायी बासस्थान: जिल्ला

गा.पा./उ.म.न.पा. वडा नं:

जन्म मिति: साल महिना गते

बाबुको नाम, थर:

ठेगाना: नागरिकता:

आमाको नाम थर:

ठेगाना: नागरिकता:

पति/पत्नीको नाम थर:

ठेगाना: नागरिकता:

नेपाल कानून आयोग

Government of Nepal has issued the Citizenship Certificate with following details:

Citizenship Certificate No.

Full Name (in block): Sex:

Date of Birth (AD): Year Month Day

Place of Birth (in block):

Permanent Address (in block): District

VDC/Municipality/Sub/Metropolis: Ward No:

नेपाल नागरिकता ऐन, २०६३ बमोजिम वैवाहिक अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र दिइएको छ ।

प्रमाणपत्र पाउनेको दस्तखत: निर्णय मिति:

औंठाको छाप

| दायाँ | बाँया |
|---|---|
| | |

प्रमाणपत्र दिने अधिकारीको

दस्तखत:

नाम, थर:

दर्जा:

मिति:

यो प्रमाणपत्र कसैले फेला पार्नु भएमा नजिकको जिल्ला प्रशासन कार्यालय वा प्रहरी कार्यालयमा बुझाइदिनुहोला ।

## ≡ अनुसूची-८क.

(नियम ७ को उपनियम (७) सँग सम्बन्धित)

<u>अङ्गीकृत नेपाली नागरिकतामा परिणत गर्न दिइने निवेदन</u>

| |
|---|
| दुवै कान देखिने पासपोर्ट साइजको फोटो |

श्री प्रमुख जिल्ला अधिकारी,

जिल्ला प्रशासन कार्यालय

........................ ।

**विषयः- वंशजको आधारमा लिएको नागरिकतालाई अङ्गीकृत नेपाली नागरिकतामा परिणत गरी पाऊँ।**

महोदय,

मैले नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (५) बमोजिम वंशजको आधारमा नागरिकता प्रमाणपत्र प्राप्त गरेकोमा मेरो बाबु मिति ............ मा ......... देशको नागरिक भएको ठहर भएको हुँदा सोही ऐनको दफा ३ को उपदफा (६) बमोजिम अङ्गीकृत नागरिकताको प्रमाणपत्र पाउनको लागि वंशजको आधारमा प्राप्त सक्कलै नागरिकता यससाथ संलग्न राखी देहायको विवरण खोली सिफारिस साथ रु.५।- को टिकट टाँसी यो निवेदनपत्र पेश गरेको छु ।

**१. मेरो विवरण**

(क) पूरा नाम, थर:-

Full Name (in Block Letter):

(ख) लिङ्ग:-

Sex:-

(ग) जन्मस्थान:-

Place of Birth (in Block Letter):-

(घ) जन्म मिति (वि.सं.) :- ................ साल ................ महिना .............. गते

Date of Birth (AD) ............Year...............Month............... Day

(ङ) वंशजको आधारमा प्राप्त नागरिकताको विवरण:-

(क) ना.प्र.प.नं.

---

≡ दोस्रो संशोधनद्वारा थप ।



नेपाल कानून आयोग

(ख) जारी मिति:-

(ग) जारी जिल्ला:-

(च) बाबुको विवरण:-

(क) नाम, थर:-

(ख) राष्ट्रियता:-

(ग) ठेगाना:-

(छ) आमाको विवरण:-

(क) नाम, थर:-

(ख) ठेगाना:-

(ग) नागरिकता:-

**२. नेपालमा बसोबास गरेको स्थान:-**

जिल्ला .......... गा.पा./न.पा./महा/उपमहा न.पा. ................ वडा नं. .......... टोल/गाउँ ............

District ............ VDC/Municipality/Sub/Metropolis ............ Ward ............ Tole ..............

**३. हाल साथमा रहेको परिवारको विवरण र सङ्ख्या:-**

| (क) पति वा पत्नी | (ख) छोरा | (ग) छोरी |
|---|---|---|
| १. | १. | १. |
| | २. | २. |
| | ३. | ३. |

४. मैले माथि लेखिदिएको व्यहोरा ठीक साँचो हो । झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

भवदीय,

निवेदकको दस्तखत:-

मिति:-

**गाउँपालिका/नगरपालिकाको सिफारिस**

................ गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं. ..... मा मिति ...... मा जन्म भई हाल ..................... गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं. ..... मा स्थायी रुपमा बसोबास गरी आएका यससा लेखिएका श्रीमती .................................. का छोरा/छोरी/अन्य वर्ष ............. को श्री/सुश्री/श्रीमती ..............................लाई म राम्ररी चिन्दछु । निजको बाबु विदेशी नागरिक भएको ठहरे पनि निज हाल नेपालमा नै बसोबास गर्दै आएको र उपर्युक्त लेखिए बमोजिमको निजको व्यहोरा मैले जानेबुझेसम्म साँचो हो । निजले प्राप्त गरेको वंशजको नागरिकतालाई अङ्गीकृत नेपाली नागरिकतामा परिणत गरिदिए हुन्छ । उक्त विवरण झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

मितिः

सिफारिस गर्नेको,-

कार्यालयको नाम र छापः

दस्तखतः

नाम, थरः

पदः

नेपाल कानून आयोग

## ≠अनुसूची-८ख.

(नियम ७ को उपनियम (७) को खण्ड (ङ) सँग सम्बन्धित)

### स्वघोषणा

(बाबुको नामबाट विदेशको नागरिकता नलिएको भनी सम्बन्धित व्यक्तिले गर्ने)

..........प्रदेश ........... जिल्ला.......... गा.पा./न.पा. ........... वडा नं. ........बस्ने म ....................ले नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (५) बमोजिम वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेकोमा मेरो बाबु विदेशी नागरिक भएको ठहरेको र मैले बाबुको नामबाट विदेशको नागरिकता प्राप्त नगरेको स्वघोषणा गर्दछु ।

मैले बाबुको नामबाट विदेशको नागरिकता प्राप्त नगरेको भनी गरेको स्वघोषणा साँचो हो । झुठ्ठा ठहरेमा कानून बमोजिम सहुँला/बुझाउँला ।

स्वघोषणा गर्ने व्यक्तिको आमाको,-

नाम, थर:-

नागरिकता नम्बर:.............. जारी जिल्ला ........... जारी मिति .............

स्वघोषणा गर्ने व्यक्तिको बाबुको,-

नाम, थर:-

राष्ट्रियता:-

स्वघोषणा गर्ने व्यक्तिको,-

नाम, थर:

जन्ममिति:

वंशजको नाताले लिएको नेपाली नागरिकताको नागरिकता नम्बर:.............. जारी जिल्ला ............

जारी मिति ..............

सहिछाप:

औँठाको छाप

| दायाँ | बायाँ |
| --- | --- |
| | |

मिति:

स्वघोषणा गराउने अधिकृतको,-

नाम, थर:

पद:

सहिछाप:

मिति:

≠ दोस्रो संशोधनद्वारा थप ।

नेपाल कानून आयोग

## अनुसूची-९

(नियम ९ को उपनियम (१) सँग सम्बन्धित)

श्री ..........................................,

.........................................।

महोदय,

निम्न लिखित व्यहोराले गर्दा मैले नेपालको नागरिकता त्याग गर्न आवश्यक भएकोले त्याग गरेको सूचना गरेको छु । यो सूचना दर्ता गरिदिनुहुन अनुरोध गर्दछु ।

(१)
(२)
(३)

अरु विवरणः

हालमा मेरो बसोबास भएको ठाउँ ............................................. मेरो ना.प्र.नं.–
बाबुको नामः–.......................... ना.प्र.प. जारी मितिः–
बाजेको नामः–.................................................
ना.प्र.प. जारी स्थानः–
मेरो उमेरः–....................................................

मेरो परिवारका सदस्यहरुको संक्षिप्त विवरणः

| नाम | उमेर | ठेगाना | ना.प्र.प. सम्बन्धी विवरण |
|---|---|---|---|

१)
२)
३)



नेपाल कानून आयोग

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

नागरिकता त्याग गर्नेको फोटो

| दुवै कान देखिने पासपोर्ट साइजको फोटो |
|---|

नागरिकता त्याग गर्नेको दस्तखतः–
नाम, थरः–
साबिक ठेगानाः–
हालको बसोबासको ठेगानाः–

नेपाल कानून आयोग

## अनुसूची–१०

(नियम ९ को उपनियम (४) सँग सम्बन्धित)

### नागरिकता त्याग गर्नेको विवरण

| क्रम संख्या | दर्ता मिति | नाम थर | ना.प्र.नं | ना.प्र. जारी मिति र स्थान | हालको बसोबासको ठाउँ | नेपालमा बसोबासको ठाउँ | नेपाली नागरिकता परित्याग गर्नु पर्ने कारण | परिवारका सदस्यमध्ये नेपाली नागरिक भै बस्नेहरुको नाम ठेगाना | दर्ता गर्नेको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

अनुसूची–११

(नियम ११ को उपनियम (१) सँग सम्बन्धित)

सूचना गर्ने व्यक्तिको फोटो दुवै कान देखिने पासपोर्ट साइजको

श्री ..............................................

.............................................. ।

विषयः नेपाली नागरिकता पुनः कायम हुनको लागि दर्ता गरी पाउँ ।

महोदय,

म नेपाली नागरिक...........................मुलुकको नागरिकता परित्याग गरी नेपालमा आई बसोबास गरेकोले देहायमा लेखिएका बिवरणहरु नेपाल नागरिकता ऐन, २०६३ को दफा ११ बमोजिम दर्ता गरिदिनुहुन अनुरोध गर्दछु ।

१. पूरा नाम र थरः–..........................................................

२. जन्मस्थानः–......................................................

३. जन्म मितिः–................................................

४. पूरा गरेको उमेरः– ................................................

५. नागरिकता प्रमाणपत्र नं.–.................................................

६. नागरिकता प्रमाणपत्र जारी मितिः– ..................................................

७. नागरिकताको किसिमः–...............................................

८. नेपालमा आई बसोबास गरेको मिति ........................

९. हाल बसोबास गरेको स्थान ........................... जिल्ला ................
गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.

१०. बाबुको नाम, थर र ठेगाना ...........................................................

११. बाबुको नागरिकता नं. .............................................................

भवदीय,

मितिः–

सूचना गर्ने व्यक्तिको

दस्तखत .....................

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

अनुसूची–१२
(नियम ११ को उपनियम (२) सँग सम्बन्धित)

नेपाल सरकार
........................ कार्यालय

विषयः– सूचनाको दर्ता ।

.................. जिल्ला .................... गा.पा/न.पा/उ.म.न.पा/म.न.पा. वडा नं. ........... मा बस्ने श्री .............................. को छोरा/छोरी हाल नेपालको .................... अञ्चल .................... जिल्ला .................... गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. वडा नं. ........... मा बस्ने वर्ष .................... को सुश्री/श्रीमती .................... को नेपाल नागरिकता ऐन, २०६३ को दफा ११ बमोजिमको सूचना दर्ता गरिएको छ ।

सूचना गर्ने व्यक्तिको
दस्तखतः..................
औँठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

सूचना गर्ने व्यक्तिको फोटो दुवै कान देखीने पासपोर्ट साइजको

सूचना दर्ता गर्ने अधिकारीको
दस्तखतः–
नाम र थरः– ........................
दर्जाः– ............................
कार्यालयः– ............................

सूचना दर्ता गरेको मितिः–

नेपाल कानून आयोग